REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 17.02.2025

---

CM

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज पश्चिम सिक्किमको गेजिङ जिल्ला अन्तर्गत दराप स्थित युमामाङ ध्यान केन्द्रमा स्थापित लेबुनबा पुङवा निइङ युकहिम माङहिमको उद्धाटन गर्नुभयो ।

यस अवसरमा बोल्दै उहाँले सिक्किम क्रान्तिकारी मोर्चा SKM पार्टीको सरकार गठन भएदेखि यता राज्यमा सबै धर्मको सम्मान गरेर अघि बढ़ेको दावी गर्नुभयो ।

श्री तामाङले भन्नुभयो यो ध्यान केन्द्र शक्तिपीठ निर्माण कार्य चार वर्षको अवधिमा पूरा भएको छ र यो विश्वभरिका भक्तहरूको सम्पति हो ।

मुख्यमन्त्रीले ध्यान केन्द्र सञ्चालनका निम्ति प्रत्येक वर्ष मुख्यमन्त्री राहत कोषबाट दस लाख रूपियाँ प्रदान गर्ने घोषणा गर्नुभयो ।

राज्यमा आत्महत्याका बढ़दो घटनाहरूमाथि चिन्ता ब्यक्त गर्दै श्री तामाङले भन्नुभयो आउँदो बजट सत्रपछि पाठशालाहरूमा जनचेतनामूलक कार्यक्रमहरू आयोजन गरिनेछ ।

आफ्नो वक्तव्यमा सिक्किम सियोग सेप्सिङ युमामाङले मुख्यमन्त्री प्रेमसिंह तामाङले कुशल नेतृत्व र पहलमा माङहिम निर्माणको सपना पूरा भएको उल्लेख गर्नुभयो ।

वर्तमान सरकारका जनकल्याणकारी कार्यहरूबारे प्रकाश पार्दै उहाँले युवावर्गसित नशालु पदार्थ सेवन तथा दुरूपयोगबाट टाढ़ा रहने आहवान गर्नुभयो ।

कार्यक्रममा बोल्दै युमामाङ मेडिटेशन केन्द्रका अध्यक्ष तेङहाङ लिम्बुले वर्तमानमा युमा धर्मका कुल चौबिसवटा शाखाहरू रहेको जानकारी दिनुभयो ।

बाह्र करोड़ ब्यानब्बे लाख रूपियाँभन्दा केही बढ़ता राशिको खर्चमा यो बहुसुविधायुक्त तीनतले भवनको निर्माण गरिएको छ ।

कार्यक्रममा मन्त्री तथा क्षेत्र विधायक भीमहाङ लिम्बु, मन्त्री छिरिङ टी भुटिया विधायकहरू लोकनाथ शर्मा र सुदेश कुमार लिम्बु, लोकसभा सदस्य डा. इन्द्रहाङ सुब्बा अन्य गन्यमान्य

व्यक्तिहरू र राज्य लगायत नेपाल, भुटान, दार्जीलिङ र कालेबुङबाट आएका श्रध्दालुहरूको उपस्थिती थियो।

---

## SKOCH Award

ग्रामीण विकास विभागको सिक्किम राज्य ग्रामीण आजीविका मिशनलाई SKOCH रास्ट्रिय पुरस्कार प्राप्त भएको छ।

नयाँ दिल्लीमा आयोजित एकसयौं SKOCH शिखर सम्मेलनमा मिशनकी मुख्य कार्यकारी अधिकारी श्रीमती राधा प्रधानले यो पुरस्कार ग्रहण गर्नुभयो।

दुई हजार तीन सालमा शुरू गरिएको SKOCH पुरस्कारमा शासन व्यवस्था, वित्त तथा सामाजिक क्षेत्रमा भारतको विकासका लागि योगदान दिने ब्यक्तिविशेष, परियोजना र संस्थानहरूलाई सम्मानित गरिन्छ।

---

## CM Student Award

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले दशौं र बाह्रौ श्रेणीका केन्द्रीय माध्यमिक शिक्षा बोड CBSE परीक्षा दिने छात्रा छात्रीहरूलाई शुभकामना दिनुभएको छ।

आफ्नो सोशल मीडिया पोष्टमा उहाँले विद्यार्थीहरूलाई आत्मविश्वासका साथ सफलता प्राप्त गर्ने परामर्श दिनुभएको छ।

प्रत्येक चुनौतीले उच्च लक्ष्य राख्न प्रेरित गर्ने कुरो बताउँदै श्री तामाङले भन्नुभएको छ- उज्जवल भविस्यका लागि यो परीक्षा, महत्वपूर्ण पाइला हुनेछ।

---

## India Book of Records

श्रीनगरदेखि लेह् भएर खरदुङ्लासम्म उचाईयुक्त क्षेत्रमा चार सय बासठी किलोमिटरको कठिन र चुनौतीपूर्ण दौड़ पूरा गर्ने चारजना धावकहरूको नाउँ प्रतिस्ठित India Book of Records मा समावेश भएको छ।

गतिमा दूरी पूरा गर्ने धावकहरूको यस समूहमा सिक्किमका भूपेन्द्र हाङ सुब्बा बसन्त प्रधान र अनूप जे बानिया अनि कोलकाताबाट लभ बर्मन सामेल थिए।

उनीहरूको यो दौड़ गत बर्ष पन्ध्र सितम्बरदेखि शुरू भएर बाइस सितम्बरमा समाप्त भएको थियो। उनीहरूले चार सय बासठी किलोमिटरको दूरी आठ दिनमा छयासठी घण्टा पैदल हिड़ाईमा पूरा गरेका थिए।

जोजिला, नाम्किला, फोटुला र खोरदुङ्ला हिमाली क्षेत्रको मार्गमा अहिलेसम्म कसैले पनि हिड़ेर लक्ष्य पूरा गरेका थिएनन्।

पर्यावरण संरक्षणको आवश्यकताबारे जागरूकता फैलाउनु यसको उद्देश्य थियो।

---

## Badminton

33 औं सिक्किम राज्य भेटरन्स तथा मास्टर्स ब्याडमिण्टन च्याम्पियनशीप गान्तोकको पाल्जोर स्टेडियममा हिजो सम्पन्न भयो।

पुरूष Single's Doubles's र Mixed गरी विभिन्न वर्गका प्रतियागितामा राज्यभरिका खेलाड़ीहरूले भाग लिए।

समापन कार्यक्रमलाई मुख्य अतिथिको रूपमा सम्वोधन गर्दै विधायक श्रीमती कला राईले युवा खेलाडीहरूसित समर्पित रहेर आफ्नो कौशलमा सुधार ल्याउने र रास्ट्रिय तथा अन्तर्रास्ट्रिय स्तरसम्म राज्यको प्रतिनिधित्व गर्ने लक्ष्य राख्ने आग्रह गर्नुभयो।

उहाँले खेलकुदमा अनुशासन र कठिन परिश्रमको महत्वमाथि जोड़ दिनुभयो र भन्नुभयो यसद्वारा व्यक्तिगत विकास र चरित्र निर्माणमा सहायता पुग्न जानेछ। टुर्नामेण्टको आयोजना सिक्किम ब्याडमिण्टन संघने गरेको थियो।

---

## Weather

मौसम विज्ञान विभागले आउँदो तेइस फरवरीसम्म राज्यमा उचाईयुक्त क्षेत्रहरूमा हलुकादेखि मध्यम वर्षा हुने पूर्वानुमान गरेको छ ।

पश्चिमी गड़बड़ीको कारणले उप हिमालयी सिक्किम र पश्चिम बंगाल क्षेत्रमा मौसममा परिवर्तन आएको बताइएको छ ।

विभागले जनाए अनुसार मंगन जिल्लामा पानी परिरहने र हिउँ पर्ने सम्भावना छ भने गान्तोक, गेजिङ, नाम्ची, पाकिम र सोरेङ जिल्लाका केही ठाउँहरूमा वर्षा हुनेछ ।

विभागद्वारा मानिसहरू विशेष गरी उच्चाईयुक्त क्षेत्रहरूमा बसोबासो गर्नेहरूलाई पैह्रो जाने र बाटो भत्किन सक्ने कुरोलाई ध्यानमा राखेर सावधानी अप्नाउने परामर्श दिइएको छ ।

यसै गरी यात्रीहरूलाई दुर्गम तथा पहाड़ी क्षेत्रहरूमा जानअघि मौसमको स्थिती बुझ्ने सल्लाह दिइएको छ।

स्थानीय मौसम विभाग कार्यालयले भर्खरै दिएको रिपोर्ट अनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापमान दस डिग्री सेल्सियस र न्यूनतम तापमान सात डिग्री सेल्सियस रेकार्ड गरियो ।

विभागले भोलि तापमानमा अझै कमी आएर अधिकतम नौ डिग्री सेल्सियस र न्यूनतम छ डिग्री सेल्सियस हुने अनुमान गरेको छ ।